# नेपाल सरकार

मा.विष्णु प्रसाद प्रसाई
प्रदेश प्रमुख

प्रदेश प्रमुखको कार्यालय
बागमाती प्रदेश
हेटौडा, मकवानपुर,नेपाल

## संविधान दिवस तथा राष्ट्रिय दिवस, २०७७ को शुभकामना सन्देश

नेपाली जनताको लामो संघर्ष र बलिदानपछि पाँच वर्षअघि आजकै दिन जननिर्वाचित संविधानसभाद्वारा दिगो शान्ति, स्थायित्व तथा न्याय, समानता, विकास, समावेशी लोकतन्त्र र गणतन्त्रात्मक शासन व्यवस्थाको लागि वि.सं २०७२ सालमा आजकै ऐतिहासिक दिनमा नेपालको संविधान जारी भएको हो। संविधान दिवस तथा राष्ट्रिय दिवस दिवसको यस सुखद् अवसरमा नेपाली दिदीबहिनी तथा दाजुभाईहरु सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

सदा सार्वभौम र स्वतन्त्र मुलुकका नेपाली जनताले यस दिनलाई राष्ट्रिय पर्वका रूपमा मनाईरहँदा हामी गौरवान्वित भएको महशुस गर्दछौँ। यस अवसरमा म संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि भएका विभिन्न आन्दोलनको क्रममा अमूल्य जिवन गुमाउनु हुने नेपाल आमाका शहिद छोरा छोरीहरुप्रति गहिरो सम्मान प्रकट गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। साथै मुलुकमा लोकतान्त्रिक शासन प्रणाली स्थापना गर्नका लागि भएका आन्दोलनहरुलाई पथ प्रदर्शन गर्नुहुने अग्रजहरूप्रति सम्मान एवम् श्रद्धा व्यक्त गर्दछु।

संविधानले परिकल्पना गरेको समाजबाद तर्फ उन्मुख अर्थतन्त्र,सामाजिक न्यायमा आधारित समतामूलक समाजको लागि यस प्रदेशमा रहेका अथाह प्राकृतिक स्रोतसाधन,पूर्वाधार,पर्यटन,साँस्कृतिक सम्पदा र विविधता तथा मानवस्रोतको भरपुर उपयोग गरी यस प्रदेशलाई समृद्ध बनाउन सक्दछौं भन्ने मैले विश्वास लिएको छु। आपसी विश्वास भाईचारा,सहिष्णुता,मेलमिलाप आदिद्वारा सुखी नेपाली र समृद्ध नेपालको आधार यस प्रदेशबाट दिन सक्दछौं।

अन्त्यमा,संविधान दिवसको यस वार्षिक अवसरको सुखद घडिमा संविधानले परिकल्पना गरेको महान लक्ष्य, लोकतन्त्रको जगेर्ना र राष्ट्रिय हित,एकता र समृद्धितर्फ मन,बचन र कर्मले दत्तचित्त भई लाग्न यस प्रदेशका सम्पूर्ण दिदीबहिनी,दाजुभाईहरु तथा सम्पूर्ण नेपालीहरुमा शुभेक्षा प्रकट गर्दै महामारीको रुपमा फैलिएको नोवेल कोरोनाभाईरस(कोभिड-१९) को संक्रमण तरफ सजग रही सुरक्षीत तवरले यो संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउन सबैमा अपिल गर्दछु।

धन्यवाद !
**मिति २०७७ असोज ३ गते शनिबार।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर

**विष्णु प्रसाद प्रसाई**
**प्रदेश प्रमुख**
**बागमती प्रदेश**